# ४२ औ कार्यपालिका बैठक

मिति : २०७७ /०७/०४

समय: दिनको १:०० बजे

पोखरा महानगरपालिका प्रमुख श्री मान बहादुर जि.सी. ज्यूको अध्यक्षतमा यस महानगरपालिका नगर कार्यपालिकाको बैठक तपशिल वमोजिमको उपस्थितिमा बसी देहायनुसारको निर्णय गरियो ।

उपस्थिति

| | नाम थर | पद | भर्चुयल मिटिङ उपस्थिति | हस्ताक्षर |
|---|---|---|---|---|
| अध्यक्ष | श्री मान बहादुर जि.सी. | प्रमुख | उपस्थित | |
| सदस्य | श्री मन्जुदेवी गुरुङ | उप-प्रमुख | उपस्थित | |
| सचिव | श्री महेश बराल | प्रमुख प्रशासकीय अधिकृत | उपस्थित | |
| सदस्य | श्री शारदा कुमारी पराजुली | वडा अध्यक्ष वडा नं. १ | उपस्थित | |
| सदस्य | श्री रामेश्वर मल्ल | वडा अध्यक्ष वडा नं. २ | अनुपस्थित | |
| सदस्य | श्री रबिन्द्र बहादुर प्रजु | वडा अध्यक्ष वडा नं. ३ | अनुपस्थित | |
| सदस्य | श्री शंकर प्रसाद बास्तोला | वडा अध्यक्ष वडा नं. ४ | अनुपस्थित | |
| सदस्य | श्री धन बहादुर नेपली | वडा अध्यक्ष वडा नं. ५ | उपस्थित | |
| सदस्य | श्री जगत बहादुर पाहारी | वडा अध्यक्ष वडा नं. ६ | उपस्थित | |
| सदस्य | श्री रामचन्द्र बराल | वडा अध्यक्ष वडा नं. ७ | उपस्थित | |
| सदस्य | श्री रुद्रनाथ बराल | वडा अध्यक्ष वडा नं. ८ | उपस्थित | |
| सदस्य | श्री रामराज लामिछाने | वडा अध्यक्ष वडा नं. ९ | अनुपस्थित | |
| सदस्य | श्री राजकुमार गुरुङ | वडा अध्यक्ष वडा नं. १० | अनुपस्थित | |
| सदस्य | श्री मोहन प्रसाद बास्तोला | वडा अध्यक्ष वडा नं. ११ | अनुपस्थित | |
| सदस्य | श्री रामबहादुर कार्की | वडा अध्यक्ष वडा नं. १२ | अनुपस्थित | |
| सदस्य | श्री लेखबहादुर तामाङ | वडा अध्यक्ष वडा नं. १३ | उपस्थित | |
| सदस्य | श्री प्रेमबहादुर कार्की | वडा अध्यक्ष वडा नं. १४ | उपस्थित | |
| सदस्य | श्री प्रकाश पौडेल | वडा अध्यक्ष वडा नं. १५ | उपस्थित | |

| | | | | |
|---|---|---|---|---|
| सदस्य | श्री जीवन प्रसाद आचार्य | वडा अध्यक्ष वडा नं. १६ | उपस्थित | |
| सदस्य | श्री तीर्थराज अधिकारी | वडा अध्यक्ष वडा नं. १७ | उपस्थित | |
| सदस्य | श्री रणबहादुर थापा | वडा अध्यक्ष वडा नं. १८ | उपस्थित | |
| सदस्य | श्री शोभा मोहन पौडेल | वडा अध्यक्ष वडा नं. १९ | उपस्थित | |
| सदस्य | श्री सिमबहादुर गुरुङ | वडा अध्यक्ष वडा नं. २० | उपस्थित | |
| सदस्य | श्री खगराज आचार्य | वडा अध्यक्ष वडा नं. २१ | उपस्थित | |
| सदस्य | श्री मित्रलाल बराल | वडा अध्यक्ष वडा नं. २२ | उपस्थित | |
| सदस्य | श्री विष्णु प्रसाद पराजुली | वडा अध्यक्ष वडा नं. २३ | अनुपस्थित | |
| सदस्य | श्री ओम प्रसाद सुवेदी | वडा अध्यक्ष वडा नं. २४ | उपस्थित | |
| सदस्य | श्री शोभाकर तिमिल्सिना | वडा अध्यक्ष वडा नं. २५ | उपस्थित | |
| सदस्य | श्री नारायण प्रसाद बराल | वडा अध्यक्ष वडा नं. २६ | उपस्थित | |
| सदस्य | श्री पूर्ण कुमार गुरुङ | वडा अध्यक्ष वडा नं. २७ | अनुपस्थित | |
| सदस्य | श्री निर्मल दियाली | वडा अध्यक्ष वडा नं. २८ | उपस्थित | |
| सदस्य | श्री चेतबहादुर गुरुङ | वडा अध्यक्ष वडा नं. २९ | उपस्थित | |
| सदस्य | श्री श्रीराम पोखेल | वडा अध्यक्ष वडा नं. ३० | उपस्थित | |
| सदस्य | श्री कमलबहादुर थापा | वडा अध्यक्ष वडा नं. ३१ | उपस्थित | |
| सदस्य | श्री अक्कल बहादुर कार्की | वडा अध्यक्ष वडा नं. ३२ | अनुपस्थित | |
| सदस्य | श्री शिव प्रसाद आचार्य | वडा अध्यक्ष वडा नं. ३३ | उपस्थित | |
| सदस्य | श्री पुष्पा घले पाहारी | पो.म.न .पा. ६ | उपस्थित | |
| सदस्य | श्री बुधराज भुजेल | पो.म.न .पा. ६ | अनुपस्थित | |
| सदस्य | श्री ओम प्रसाद गौचन | पो.म.न .पा. ७ | उपस्थित | |
| सदस्य | श्री यसोदा भट्टराई | पो.म.न .पा. १४ | उपस्थित | |
| सदस्य | श्री राधिका शाही योगी | पो.म.न .पा. १७ | उपस्थित | |
| सदस्य | श्री मनबुजा बि,क, | पो.म.न .पा. २० | उपस्थित | |
| सदस्य | श्री सन्तु सुवेदी | पो.म.न .पा. २४ | उपस्थित | |
| सदस्य | श्री चतुरे वि.क | पो.म.न .पा. ३१ | उपस्थित | |

Virtual Meeting भएकोले उपस्थिति प्रमाणित गरिएको ।

## पोखरा महानगरपालिका, नगर कार्यपालिकाको ४२ औं बैठकका निर्णयहरु :

**बैठकको विवरण**

बैठकको मिति : २०७७/७/४ गते (मंगलबार)

समय : दिउसो १:०० वजे,

बैठकको माध्यम : Virtual meeting.

**बैठकमा पेश भएका प्रस्तावहरु**

१. प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिबेदन स्वीकृत गर्ने तथा स्वीकृत परिमाणको आधारमा आय ठेक्का बन्दोवस्त गर्ने सम्बन्धी ।

२. कृषक परिचय पत्रको शुल्क निर्धारण सम्वन्धमा ।

३. जनसहभागिता रकम फिर्ता सम्वन्धमा ।

४. बालमैत्री वडा घोषणा कार्यविधि, २०७७ सम्वन्धमा ।

५. बाल मञ्च गठंन निर्देशिका, २०७७ सम्वन्धमा ।

६. गण्डकी बहुप्राविधिक शिक्षालय संचालन नियमावली, २०७७ सम्वन्धमा ।

७. वातावरण तथा प्राकृतिक श्रोतको संरक्षण सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७

८. नक्सा पास तथा भवन निर्माण सम्बन्धी मापदण्ड संशोधन सम्वन्धमा ।

९. वडा नं. ३ र १२ मा नगर स्वास्थ्य केन्द्र स्थापना गर्ने सम्वन्धमा ।

१०. वडा नं. १९ मा अवस्थित गण्डकी रेन्वो ट्राउट फार्मले प्रयोग गरेको जग्गाको सम्झौता तथा थप जग्गा माग सम्बन्धमा ।

११. चाडपर्वको शुभकामना सम्बन्धमा ।

१२. रत्न [illegible] विद्यालयको जग्गा IT Park को लागि भोगाधिकार दिने बारे।

**निर्णयहरु :**

**निर्णय नं. १.** : प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन स्वीकृत गर्ने तथा स्वीकृत परिमाणको आधारमा आय ठेक्का बन्दोवस्त गर्ने सम्बन्धी :

(क) महानगरपालिकाको प्रस्तावित वातावरण संरक्षण विधेयकमा महानगरपालिका प्रस्तावक भएको IEE प्रतिवेदन महानगरपालिका आफैले स्वीकृत गर्ने गरी सम्बन्धित विधेयक तर्जुमा गर्ने,

(ख) परामर्शदाताले पेश गरेको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिबेदन प्राविधिक समितिबाट सिफारिश सहित प्राप्त हुन आएकोले, तपशिल बमोजिम नदीजन्य सामाग्री निकासीको लागि तोकिएको परिमाण उल्लेख भएको उक्त IEE प्रतिवेदन स्वीकृत गर्ने । बातावरण संरक्षणको लागि तथा नकारात्मक प्रभावको न्यूनिकरणको लागि प्रतिवेदनले औल्याएका सुझावहरु कार्यान्वयन गर्ने ।

| क. सं. | घाटको नाम | वडा नं. | उत्खनन योग्य परिमाण |
|---|---|---|---|
| १ | पशुपती घाट | २९,३३ | ४३५० |
| २ | पशुपती घुमाउरे घाट | २९,३३ | १९६६२१५ |
| ३ | मुसेटुंडो सैनिक घाट | २९,३३ | १७६२७५ |
| ४ | शिसौघारी घाट | ३३ | २२५० |
| ५ | लामगादी घाट | ३२,३३ | ८००० |
| ६ | द्वार कस्यार घाट | २१ | १०६२५ |
| ७ | भेडिफाराम घाट | १४,२१ | ३२४० |
| ८ | गाउंखर्क ओखलढुंगा घाट | १३,१४ | ३०६० |
| ९ | मराङ घाट | २७,३३ | १४०० |
| १० | चमेरे घाट | २७,३३ | १५००० |
| ११ | गढी धाट | २६,३३ | १५७५० |
| १२ | तल्लोपुडी घाट | ३३ | ४३२० |
| १३ | उपल्लो पुडी घाट | ३३ | १६५०० |
| १४ | तल्लो खेत घाट | ३२,३३ | ३९६० |
| १५ | रातो पहिरो खोरी घाट | ३२,३३ | ६२५ |
| १६ | काहुंखोला घाट | १३,२८ | १३६५ |
| १७ | विजयपुर खोला घाट | १३ | ८४०० |
| १८ | ढाव घाट | १९ | ५१२५ |
| १९ | मर्दी लस्ती दोभान घाट | १९ | ३२०० |
| २० | दशखेत घाट | १९ | ८२५० |
| २१ | तुलसीतारा घाट | १९,२५ | ३००० |

| | | | |
|---|---|---|---|
| २२ | पुरन्चौर नयां घाट | १९,२५ | २५०० |
| २३ | पुरन्चौर ढोडिनी घाट | १९,२५ | ४५०० |
| २४ | रुद्र महादेव घाट | १९,२५ | ४२६७५ |
| २५ | सहस्रधारा घाट | १९,२५ | ६५६२१५ |
| २६ | गोस्ते लामाचौर घाट | १९,२५ | ३४२० |
| २७ | तल्लो गोस्ते घाट | २५,१६ | ७२८० |
| २८ | गजरे घाट | २५,१६ | ६७५० |
| २९ | याम्दी घाट | २५,१६ | ४५०० |
| ३० | लालटेन बजार घाट | १,१६ | ५४८८ |
| ३१ | सूईखेत | २५ | ९००० |
| ३२ | नारायण स्थान घाट | ३,११ | ३६७५ |
| ३३ | रामघाट घाट | ९,१०,११ | ७७२८० |

(ग) स्वीकृत IEE प्रतिवेदनका आधारमा निकासीयोग्य परिमाणको तथा स्थानगत रुपमा निम्नानुसार प्याकेज निर्माण गरी आय ठेक्काको सूचना जारी गर्ने ।

| प्याकेज नं. | स्थान/घाटको नाम | उत्खनन हुने अधिकतम परिमाण (घन मिटर मा) | न्यूनतम रकम कर बाहेक(रु.) | धरौटी रकम(रु.) |
|---|---|---|---|---|
| १ | रामघाट | ७७२८० | ५,४८,६८,८००।०० | २७,५०,०००।०० |
| २ | पशुपती घाट, मुसेटुडो सैनिक घाट,शिसौघारी घाट | २४२२७ | १,७२,०१,१७०।०० | ८,६०,०००।०० |
| ३ | पशुपति घुमाउरे घाट | १९६६२ | १,३९,६०,०२०।०० | ६,९८,०००।०० |
| ४ | द्वार कस्यार घाट, लामगादी घाट, भेडिफारम घाट, गाउँखर्क ओखलढुंगा घाट | २४९२५ | १,७६,९६,७५०।०० | ८,८५,०००।०० |
| ५ | चमेरे घाट, मराङ घाट | १६४०० | १,१६,४४,०००।०० | ५,८३,०००।०० |
| ६ | गढी घाट, तल्लो पुडी घाट, उपल्लो पुडी घाट, तल्लो खेत घाट, रातो पहिरो खोरी घाट | ४११५५ | २,९२,२०,०५०।०० | १४,६१,०००।०० |
| ७ | विजयपुर खोला घाट | ८४०० | ५९,६४,०००।०० | २,९८,२००।०० |
| ८ | दशखेत घाट, मर्दी लस्ती दोभान घाट, तुलसीतारा घाट, पुरन्चौर नयाँ घाट | १६९५० | १,२०,३४,५००।०० | ६,००,०००।०० |
| ९ | ढावघाट, गजरे घाट, | ११८७५ | ८४,३१,२५०।०० | ४,२२,०००।०० |
| १० | गोस्ते लामाचौर घाट, तल्लो | १०७०० | ७५,९७,०००।०० | ३,८०,०००।०० |

| | | | | |
|---|---|---|---|---|
| | गोस्ते घाट | | | |
| ११ | याम्दी घाट, सुईखेत, लालटेन बजार घाट | १८९८८ | १,३४,८१,४८०।०० | ६,७५,०००।०० |
| १२ | नारायणस्थान घाट | ३६७५ | २६,०९,२५०।०० | १,३१,०००।०० |
| १३ | रुद्र महादेव घाट | ४२६७ | ३०,२९,५७०।०० | १,५२,०००।०० |

(घ) उक्त आइ.ई.ई. प्रतिवेदनमा छुट हुन गएका ठुला-साना अन्य घाटहरुको बारेमा, स्थलगत रुपमा ठूलो परिमाणमा निर्माण सामाग्री रहेका तर प्रतिवेदनले कम सामाग्री स्वीकृतिको लागि औल्याएका सुरौदीघाट पोखरा ३३ र द्वार कस्यार घाट पोखरा २१ मा रहेको थप सामाग्रीको विषयमा साथै विगतमा विवाद भै स्थगित गरिएका र हाल पनि सार्वजनिक सूचनाको प्रकृयामा नगएका काँहुखोला घाट पोखरा १३, पुरन्चौर ढोडीनी पोखरा १९ र सहस्रधारा घाट पोखरा २५ घाटहरुको विषयमा आवश्यकता अनुसार थप अध्ययन गरी गराई, आय ठेक्का गर्ने वा अन्य माध्यमबाट सामाग्री निकासी गर्ने वा अन्य उपयुक्त विधि अपनाई चोरी नियन्त्रण, वातावरण संरक्षण र महानगरपालिकाको आय बृद्धि गर्न आवश्यक निर्णय गर्ने जिम्मेवारी राजश्व परामर्श समितिलाई दिने ।

**निर्णय नं. २.** कृषक परिचय पत्रको शुल्क निर्धारण सम्वन्धमा :

गण्डकी प्रदेशको कृषक पहिचान तथा वर्गिकरण कार्यविधि, २०७५ को परिच्छेद (४) को दफा ७ मा उल्लेख भएको प्रावधान समेतको आधारमा पोखरा महानगरपालिकाबाट प्रदान गरिने कृषक परिचय पत्रको लागि निम्नानुसार शुल्क निर्धारण गर्ने :

(क) भुमिहीन र साना कृषकलाई- निशुल्क

(ख) मध्यम कृषकको लागि रु : १,०००।-

(ग) ठुला कृषकलाई रु : २,०००।-

(घ) उद्यमि कृषकलाई- रु : ५,०००।-

**निर्णय नं.३.** जनसहभागिता रकम फिर्ता सम्वन्धमा :

पोखरा महानगरपालिकाबाट सञ्चालन हुने विकास आयोजनाहरुको जनसहभागिता बापतको रकम सम्वन्धित उपभोक्ता समितिको बैंक खातामा जम्मा गर्नु पर्नेमा कुनै कारणले महानगरपालिकाको खातामा जम्मा हुन जाने, कतिपय अवस्थामा जनसहभागिता बापतको रकम महानगरपालिकाको खातामा जम्मा भै सक्ने तर योजना कार्यान्वयन हुन नसक्ने, कतिपय अवस्थामा संझौता रकम भन्दा निर्माण सम्पन्न रकम कम हुन जाने र यसवाट उपभोक्ताले बाँकी रकम फिर्ता माग्ने अवस्था पर्न जाने र यस्ता विषय कार्यपालिका बैठकमा पटक पटक आउने गरेकोले हाल प्रस्तावित योजनाको रकम फिर्ता लगायत भविष्यमा आउने यस्ता विषयमा, प्रमुख प्रशासकीय अधिकृतको राय परामर्शमा नगरप्रमुखस्तरीय निर्णय गरी रकम फिर्ता गर्न सकिने गरी अधिकार प्रत्यायोजन गर्ने ।

**निर्णय नं.४.** बालमैत्री वडा घोषणा कार्यविधि, २०७७ सम्वन्धमा :

नेपाल सरकारले नेपाललाई बालमैत्री बनाउने भनी निर्धारण गरेको नीति तथा तय गरेका लक्ष्यमा टेवा पुऱ्याउन पोखरा महानगरपालिकाका विभिन्न वडा र बस्तिहरुमा बालमञ्च गठन गरी बालबालिकाको हकहित संरक्षण तथा वैयक्तिक विकास गर्न आवश्यक भएकोले पोखरा महानगरपालिकाको बालमैत्री वडा घोषणा कार्यविधि, २०७७ स्वीकृत गर्ने ।

**निर्णय नं.५.** बालमञ्च गठन निर्देशिका, २०७७ सम्वन्धमा :

पोखरा महानगरपालिकाका विभिन्न वडा र वस्तिहरुमा बालमञ्च गठन गरी बालबालिकाको हकहित संरक्षण तथा वैयक्तिक विकास गर्न आवश्यक भएकोले र सो प्रयोजनको लागि पोखरा महानगरपालिकामा बालमञ्च गठन सम्वन्धी निर्देशिकाको आवश्यकता महशुस गरी पेश भएको पोखरा महानगरपालिकाको बालमञ्च गठन निर्देशिका, २०७७ स्वीकृत गर्ने ।

**निर्णय नं.६.** गण्डकी बहुप्राविधिक शिक्षालय सञ्चालन नियमावली, २०७७ सम्वन्धमा :

पोखरा महानगरपालिकाबाट संचालन हुने गण्डकी बहुप्राविधिक शिक्षालय ऐनले उक्त ऐन कार्यान्वयन गर्न नियमावली जारी गर्न अधिकार नगर कार्यपालिकालाई प्रदान गरेकोले पोखरा महानगरपालिकाबाट संचालित गण्डकी बहुप्राविधिक शिक्षालयलाई व्यवस्थित रुपमा सञ्चालन गर्न गण्डकी बहुप्राविधिक शिक्षालय सञ्चालन तथा व्यवस्थापन) नियमावली, २०७७ स्वीकृत गर्ने ।

**निर्णय नं.७.** वातावरण तथा प्राकृतिक श्रोतको संरक्षण सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ सम्बन्धमा :

पोखरा महानगरपालिका क्षेत्रमा वातावरण तथा प्राकृतिक श्रोतको संरक्षण तथा परिचालनको लागि कानून बनाउन आवश्यक भएकाले नेपाल सरकारबाट प्राप्त भएको स्थानीय तहमा वातावरण तथा प्राकृतिक श्रोतको संरक्षण सम्वन्धमा व्यवस्था गर्न बनेको नमुना विधेयकलाई सामान्य संसोधन गरी तैयार पारिएको पोखरा महानगरपालिकाको वातावरण तथा प्राकृतिक श्रोतको संरक्षण सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ नगर सभामा पेश गर्ने प्रयोजनको लागि दफावार छलफलको लागि विधायन समितिमा पठाउने । उक्त विधेयकमा, अन्य कुराका अलावा, यसै वैठकको निर्णय नं. १ (क) मा व्यवस्था गरिएका प्रावधान समावेश गर्न विधायन समितिलाई निर्देशन दिने ।

**निर्णय नं.८.** नक्सा पास भवन निर्माण तथा सडक सम्बन्धी मापदण्ड संशोधन सम्वन्धमा :

(क) पोखरा महानगरपालिका क्षेत्रभित्र सामुहिक बस्ति विकास Housing निर्माण गदा घर निर्माण गर्ने Plot को क्षेत्रफल जोडेर बनाउने घरहरु (Row Housing) को हकमा कम्तिमा ०-३-०-० तीन आना र छुटाछुटै घरहरु (Separate or Individual Housing) को हकमा ०-४-०-० चार आनामा कित्ताकाट गर्न स्वीकृति प्रदान गर्ने ।

(ख) पोखरा वडा नं. ६ र १८ हल्लनचोक देखी पामे जाने सडकको खहरे क्षेत्रमा (गैह्राको चौतारा सम्म) तालको सीमाबाट ६५ मिटर क्षेत्र कटाएर बाँकी क्षेत्रमा नक्सा अभिलेखीकरण गर्न स्वीकृति दिएको, उक्त स्थानको ८० प्रतिशत भन्दा ज्यादा क्षेत्रमा संरचनाहरु बनी सकेको, तथा भौगोलिक रुपमा पनि उक्त

क्षेत्र सिमसार प्रकृतिका नभएकोले, व्यक्तिको जग्गा बर्षौं बर्ष पूर्ण भोगचलनमा बन्देज गर्नु उचित समेत नहुने तथा विना स्वीकृति निर्माण गरेमा अभिलेखीकरण गरिने तर नयाँ नक्सा दर्ता तथा स्वीकृति रोक्ने कार्यले अनियमित निर्माण कार्यलाई प्रोत्साहन दिएको देखिएकोले यसलाई पुनविचार गर्न सकिने भनी प्राविधिक समितिबाट प्राप्त परामर्श समेत अध्ययन गरी उक्त चार किल्ला क्षेत्रमा नयाँ नक्सा दर्ता तथा स्वीकृति खुला गर्ने ।

(ग) तत्कालिन पोखरा लेखनाथ महानगरपालिकाको भवन तथा पूर्वाधार निर्माण सम्वन्धी गठित समिति, २०७५ को सिफारीस अनुसार पोखरा महानगरपालिका वडा नं. १६ मा महेन्द्रगुफाले चर्चेको भाग/पर्खालले घेरीएको क्षेत्रभित्र कुनैपनि भौतिक संरचना निर्माण गर्न नपाईने र गुफाको सीमा पर्खाल बाहिर विद्यमान मापदण्ड, सडकको केन्द्र बाट ७.५ मिटर र सेटब्याक कायम गर्ने निर्णय गरियो ।

**निर्णय नं.९.** वडा नं. ३ र १२ मा नगर स्वास्थ्य केन्द्र स्थापना गर्ने सम्बन्धमा :

महानगरपालिकाको प्रत्येक वडामा कम्तिमा एउटा स्वास्थ्य संस्था रहने नेपाल सरकारको नीति रहेको तर यस महानगरपालिकाको विभिन्न वडाहरुमा हाल सम्म पनि स्वास्थ्य केन्द्रहरु स्थापना भै नसकेकोले, महानगरपालिकाका वडा नं. ३ र १२ मा नगर स्वास्थ्य केन्द्र स्थापना गर्ने तथा सो प्रयोजनको लागि चाहिने न्यूनतम् जनशक्ति कानुन बमोजिम पूर्ति गर्न र नगर स्वास्थ्य केन्द्रहरुको लागि आवश्यक पूर्वाधार तैयार गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

**निर्णय नं.१०.** वडा नं. १९ मा अवस्थित गण्डकी रेन्वो ट्राउट फार्मले प्रयोग गरेको जग्गाको संझौता तथा थप जग्गा माग सम्बन्धमा :

पोखरा महानगरपालिका, वडा नं.-१९ मा संचालित गण्डकी रेन्वो ट्राउट फर्म साविक देखी संचालनमा रहेको तथा उक्त फर्मले भोगचलन गरी आएको जमीनको संझौता गर्नु पर्ने अवस्था भएको तथा सो फर्मले थप जग्गा समेत माग गरेको निवेदनको सन्दर्भमा, राजश्व परामर्श समितिले कागजात तथा आवश्यकता अनुसार स्थलगत अध्ययन गरी, राय सुझावका साथ सानिसा समितिको कार्यक्षेत्रमा पर्ने भए उक्त समितिमा पठाउन, सम्झौता गर्न अंग पुगेको भए आवश्यक निर्णय गर्न तथा कार्यपालिकाबाटै थप निर्णय गर्नु पर्ने देखिए आगामी बैठकमा पेश गर्न जिम्मेवारी दिने ।

**निर्णय नं.११.** चाडपर्वको शुभकामना सन्दर्भमा :

नजिकिदै गरेको वडा दशैं, शुभ दिपावली, नेपाल सम्वत, छठ लगायत सम्पूर्ण नेपालीजनले मनाउने ऋतु अनुसारका चाडवाडको सन्दर्भमा सम्पूर्ण पोखराबासी आदरणीय दाजु भाई दिदी वहिनीलाई हार्दिक शुभकामना दिने । यस पटक, सम्पूर्ण विश्व समुदाय नै कोरोना महामारी संग संघर्ष गरि रहेको सन्दर्भमा चाडवाड मनाउँदा सुरक्षाको मापदण्डको पालना गर्न हार्दिक अनुरोध गर्ने ।

२०७७/६/१४

**निर्णय नं.१२.** गण्डकी प्रदेश स्तरमा बन्ने सूचना प्रविधि (IT Park) को लागि पोखरा महानगरपालिका वडा नं. १८ को रत्न आधारभूत विद्यालयको जग्गा भोगाधिकार दिने सम्बन्धी

गण्डकी प्रदेश सरकारले प्रदेश गौरवको आयोजनाको रुपमा सूचना प्रविधि पार्क (IT Park) स्थापनाको लागि पोखरा महानगरपालिका वडा नं. १८ मा अवस्थित रत्न आधारभूत विद्यालयको नाममा रहेको जग्गाको भोगाधिकार माग गरेको सम्बन्धमा, उक्त रत्न आधारभूत विद्यालय, सोही क्षेत्रको जनजागृति मा.वि.मा समायोजन भै विद्यालयको सम्पत्ति बुझ्ने बुझाउने कार्य समेत सम्पन्न भै सकेको, उक्त विद्यालयको जग्गा सो प्रयोजनको लागि भोगाधिकार प्रदान गर्न नगर शिक्षा समितिको मिति २०७७।०६।०२ गतेको बैठकले सिफारिश गरेको र यस प्रदेशले वनाउने सूचना प्रविधि पार्क पोखरा क्षेत्रमा नै निर्माण हुँदा यहाँका युवाहरुले सूचना प्रविधिमा आफ्नो भविष्यको खोजी गरी लाभ लिन सक्ने तथा रोजगारीका अवसर विस्तार हुने एवं स्थानीय आर्थिक विकासका गतिविधिमा योगदान पुग्ने भएको समेत कारणले उक्त रत्न आधारभूत विद्यालयको नाममा रहेको कि.नं. १८३ क्षेत्रफल ९६-१३-०२-० (९६ रोपनी १३ आना २ पैसा) वमोजिमको जग्गाको भोगाधिकार गण्डकी प्रदेश सरकारको नाममा उपलब्ध गराउन नेपाल सरकारको सम्बन्धित मन्त्रालय समक्ष सिफारिश गर्ने ।

२०७७।७।४